**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले आज साइप्रस, कनाडा अनि क्रोएशियाको पांच दिने यात्रामा प्रस्थान गर्नुहुनेछ।
- केंद्रीय गृह मंत्री अमित शाहले भन्नुभएको छ - राष्ट्रीय सुरक्षा हाम्रो प्राथमिकता हो अनि भारतको संप्रभुतालाई खतरामा पर्ने कुनै पनि प्रयासलाई निर्णायक कार्रवाही द्वारा जवाब दिईनेछ।
- कैलाश मानसरोवर यात्राका श्रद्धालुहरुको पहिलो जत्था गंगतोक पुगेका छन्। यो यात्रा पांच वर्षको अंतराल पछि आगामी 20 जून देखि शुरू हुनेछ।
- इसरोले हिज उत्तर प्रदेशको कुशीनगरबाट रॉकेट प्रक्षेपणको सफल परीक्षण गरेको छ।
- आज विश्व पवन दिवस हो। **यस** अवसरमा नवीन अनि नवीकरणीय ऊर्जा मंत्रालयले स्वच्छ अनि सतत विकासमा पवन ऊर्जाको महत्वलाई उजागर गर्न आज बेंगलुरुमा एक विशेष कार्यक्रमको आयोजन गरिरहेको छ।
- इस्राइल अनि ईरान बीच मिसाइल हमलाहरुको कारण संघर्ष अझ बढेको छ।

**प्रधानमंत्री यात्रा**

प्रधानमंत्री नरेंद्र मोदीले आज साइप्रस, कनाडा अनि क्रोएशियाको पांच दिने यात्रामा प्रस्थान गर्नुहुनेछ। साइप्रसका राष्ट्रपति निकोस क्रिस्टोडौलिडेसको निमंत्रणमा श्री मोदी आज साइप्रसको राजधानी निकोसिया पुग्नुहुनेछ। दुई दशकहरुमा कुनै भारतीय प्रधानमंत्रीको साइप्रसको यो पहिलो यात्रा हुनेछ। निकोसियामा श्री मोदीले साइप्रसका राष्ट्रपति क्रिस्टोडौलिडेस सित वार्ता गर्नुहुनेछ। उहाले लिमासोलमा व्यापार जगतका प्रतिनिधिहरुलाई पनि संबोधित गर्नुहुनेछ। यस यात्राले द्विपक्षीय संबंध बढाउने अनि भूमध्यसागरीय क्षेत्र तथा यूरोपीय संघ सित भारतको साझेदारीलाई दह्रिलो बनाउनमा सहयोग पुर्याउनेछ।यात्राको दोस्रो चरणमा श्री मोदी कनाडाका प्रधानमंत्री मार्क कार्नीको निमंत्रणमा भोलि जी-7 शिखर सम्मेलनमा भाग लिन कनाडाको कनानास्किस जानुहुनेछ।उहाले यस सम्मेलनमा जी-7 देशहरुका नेता, अन्य आमंत्रित देशहरु अनि अंतर्राष्ट्रीय संगठनका प्रमुखहरुसित ऊर्जा सुरक्षा, प्रौद्योगिकी अनि नवाचार, विशेष रूपले एआई-ऊर्जा नेक्सस अनि क्वांटम-सम्बन्धि मुद्दाहरु सहित महत्वपूर्ण वैश्विक मुद्दाहरु माथि विचार विमर्श गर्नुहुनेछ। प्रधानमंत्रीले शिखर सम्मेलन अवधि धेरै द्विपक्षीय बैठकहरु पनि गर्नुहुनेछ। प्रधानमंत्री मोदी, यात्राको अंतिम चरणमा 18 जूनको दिन क्रोएशियाको सरकारी यात्रामा जानुहुनेछ। यो कुनै भारतीय प्रधानमंत्रीको पहिलो क्रोएशिया यात्रा हुनेछ। श्री मोदीले क्रोएशियाका प्रधानमंत्री आंद्रेज प्लेंकोविच सित द्विपक्षीय वार्ता गर्नुहुनेछ अनि क्रोएशियाका राष्ट्रपति ज़ोरान मिलनोविच सित भेट गर्नुहुनेछ।

**शाह-मध्य प्रदेश**

केंद्रीय गृह मंत्री अमित शाहले भन्नुभएको छ - राष्ट्रीय सुरक्षा हाम्रो प्राथमिकता हो अनि भारतको संप्रभुतालाई खतरामा पर्ने कुनै पनि प्रयासलाई निर्णायक कार्रवाही द्वारा जवाब दिईनेछ। राष्ट्र हितको लागि सरकारको दृढ़ संकल्प व्यक्त गर्दै उहाले पार्टी अनि राष्ट्रको भविष्यलाई आकार दिनमा अनुशासन, वैचारिक प्रतिबद्धता अनि सार्वजनिक सेवाको महत्व माथि पनि जोर दिनुभयो। श्री शाहले हिज मध्य प्रदेशको आकर्षक पर्वतीय स्थल पचमढ़ीमा भारतीय जनता पार्टीका सांसद-विधायक प्रशिक्षण

शिविरमा एक सभालाई संबोधित गर्दै यसो भन्नुभएको हो। 200 भन्दा अधिक पार्टी सांसदहरु , विधायकहरु , मंत्रिहरु अनि वरिष्ठ पदाधिकारिहरुले यस जनसभामा भाग लिए।

**<u>कैलाश मानसरोवर यात्रा</u>**

कैलाश मानसरोवर यात्राका श्रद्धालुहरुको पहिलो जत्था गंगतोक पुगेका छन्। सिक्किम सरकारले श्रद्धालुहरुको स्वागतका लागि सबै प्रबंध गरेको छ। यो यात्रा पांच वर्षको अंतराल पछि आगामी 20 जून देखि शुरू हुनेछ। आकाशवाणी सित कुराकानीमा पर्यटन अनि नागरिक उड्डयन विभागका अपर मुख्य सचिव सी.एस. रावले भन्नुभयो – पहिलो जत्थामा सरकारी अधिकारिहरु सहित 35 यात्री छन्। यी यात्रीहरु स्वयंलाई मौसमको अनुकूल बनाउनको लागि चार दिन सम्म सेराथांग अनि 15ओ मील स्टेशनमा बस्नेछन्। यस अवधि रक्षा विभागका वरिष्ठ अधिकारीहरुले उनीहरुलाई यात्रा बारे जानकारी दिनेछन्। मुख्यमंत्री प्रेम सिंह तमांगले 20 जूनमा नाथुलामा यात्रालाई झंडी देखाएर प्रस्थान गराउनु हुनेछ। श्री रावले भन्नुभयो कि श्रद्धालुहरुलाई सबै चिकित्सा सुविधाहरु अनि आवश्यक सामग्रीहरु दिईने छ। उहाले भन्नुभयो -यस प्रक्रियामा बिभिन्न राज्यहरु अनि केन्द्र सरकारको एजेंसिहरु सामेल छन्। प्रत्येक जत्थालाई यात्रा पुरा गर्नमा 11 देखि 12 दिन लाग्नेछ। कैलाश मानसरोवर यात्राको लागि लगभग 10 जत्था पठाईनेछ।

**<u>योग (आज बिहानीको कथा)</u>**

जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाउन विश्व तयार हुँदै गर्दा, साइप्रस पहिले नै उत्सवको मोडमा छ। सामुदायिक कार्यक्रमहरूदेखि तटीय योग सत्रहरूसम्म, भूमध्यसागरीय टापुले भारतको प्राचीन परम्परालाई न्यानोपन र उत्साहका साथ अँगालेको छ।

योग दिवसको पूर्वसन्ध्यामा, भारतीय उच्चायोगले देशभरि स्थानीय संस्थाहरू र उत्साहीहरूसम्म पुग्ने कार्यक्रमहरूको श्रृंखला आयोजना गरेको छ।

यस वर्षको भव्य कार्यक्रम साइप्रसको सबैभन्दा रमणीय तटीय स्थलहरू मध्ये एकमा आयोजना हुनेछ र समाजको व्यापक क्रस-वर्गबाट सहभागिता देखिने अपेक्षा गरिएको छ।

उच्चायोगले योग संस्कृतिहरू बीचको पुल बनेको बताएको छ - स्वास्थ्य मात्र होइन, तर भारतको आध्यात्मिक र सांस्कृतिक मूल्यमान्यताहरूलाई प्रवर्द्धन गर्दै।

**<u>विश्व वरिष्ठ नागरिक दुर्व्यवहार जागरूकता दिवस</u>**

आज वरिष्ठ नागरिक दुर्व्यवहार जागरूकता दिवस हो। आजको दिनले वरिष्ठ नागरिकहरु सित हुने दुर्व्यवहार अनि उनीहरुको उपेक्षालाई रोक्न जागरूकता बढ़ाएर असल सुझ-बुझलाई बढ़ावा दिने अवसर प्रदान गर्दछ। सामाजिक न्याय अनि अधिकारिता मंत्रालयले पनि आज यो दिवस मनाईरहेको छ। वरिष्ठ नागरिकहरुका लागि टोल-फ्री "एल्डर लाइन" हेल्पलाइन नंबर - 1 4 5 6 7 जारी गरिएको छ।

**<u>AXIOM-4</u>**

भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्लालाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (ISS) मा लैजाने बहुप्रतिक्षित Axiom-4 मिसन जुन १९, २०२५ को लागि पुन: तालिकाबद्ध गरिएको छ। यो घोषणा मिसनमा ढिलाइ भएको प्राविधिक समस्याहरूको सफल समाधान पछि आएको हो। एक रिपोर्ट

**वैश्विक पवन दिवस**

आज विश्व पवन दिवस हो। **यस** अवसरमा नवीन अनि नवीकरणीय ऊर्जा मंत्रालयले स्वच्छ अनि सतत विकासमा पवन ऊर्जाको महत्वलाई उजागर गर्न आज बिहान 9 बजे बेंगलुरुमा एक विशेष कार्यक्रमको आयोजन गरिरहेको छ। यस कार्यक्रममा मार्च 2025 सम्म 50 गीगावाट पवन ऊर्जाको भारतको प्रमुख उपलब्धिहरु अनि ग्रामीण विकास तथा हरित रोजगारमा पवन ऊर्जाको भूमिका बारे जानकरी दिईनेछ। केंद्रीय नवीन नवीकरणीय ऊर्जा मंत्री प्रहलाद जोशी, राज्य मंत्री श्रीपद येसो नाइक अनि सचिव संतोष कुमार सारंगीले आज यस कार्यक्रमलाई संबोधित गर्नुहुनेछ।

**ईरान परमाणु युद्ध**

इस्राइल अनि ईरान बीच मिसाइल हमलाहरुको कारण संघर्ष बढेको छ। ईरानको मिसाइलहरुले इस्राइलको प्रमुख शहरहरुलाई निशाना बनाए जबकि इस्राइली सेनाले हिज तेहरानमा सैन्य ठिकानाहरुमा हमला गरे। यस संघर्षले पश्चिम एशियाको स्थिति खतरनाक बनेको छ। इस्राइलका सैन्य अधिकारिहरुले बताए अनुसार उनीहरुले ईरानको बैलिस्टिक मिसाइलहरुलाई बीचमानै नष्ट गरिदिए। येद्धपी यस हमलाको कारण इस्राइलको मध्य भागमा धेरै प्रभाव परेको छ। इस्राइली सेनाले घोषणा गरेको छ की ईरानको मिसाइल ठिकानाहरु माथि हमला जारी रहनेछ अनि ती ठेकानाहरुलाई नष्ट गरिनेछ। ईरान सित इस्राइललाई बृहत मात्रामा क्षति पुर्याउने हथियारहरुको भंडार रहेको सेनाले बताएको छ। अमरीकाले बढ्दो संघर्ष बीच इस्राइली बलहरुलाई बलियो बनाउने दिशा तर्फ तिब्र रुपमा कार्य गरेको छ। अमरीकाको नौसेनाले विध्वंशक पोत थॉम्स हडनरलाई भूमध्य सागर देखि , पूर्वी भूमध्य सागरको दिशामा जाने निर्देश दिएको छ।

**अमरीका-ईरान परमाणु वार्ता**

अमरीका अनि ईरान बीच आज मस्कटमा हुने परमाणु वार्ता रद्द गरिएको छ। ओमानले ईरान माथि इस्राइलको हमला पछि यो वार्ता रद्द गर्ने घोषणा गरेको हो। ओमानले यस वार्तामा मध्यस्थको भूमिका निभाईरहेको छ। इस्राइलको हमलामा ईरानको परमाणु ठिकानाहरुलाई निशाना बनाएको छ अनि धेरै वरिष्ठ कमांडरहरु साथै वैज्ञानिकहरु मारिएका छन्।सोशल मीडिया पोस्टमा ओमानका विदेश मंत्री बद्र-अलबुसईदीले भन्नुभयो कि अमरीका अनि ईरान बीच वार्ता रद्द भएता पनि कूटनीति अनि बातचीतनै शांति स्थापित गर्ने दिशामा एकमात्र मार्ग हो।

**याजिक हिलंग-स्वर्ण पदक**

भूटानको थिम्पूमा 15ओ दक्षिण एशियाई बॉडीबिल्डिंग चैंपियनशिपमा भारतका याजिक हिलंगले स्वर्ण पदक जितेका छन्। याजिकले हिज 155 सेंटीमीटर सम्मको महिला मॉडल फिजिक स्पर्धामा प्रथम स्थान प्राप्त गरे। अरुणाचल प्रदेशका याजिक, अंतर्राष्ट्रीय स्पर्धामा स्वर्ण पदक जित्ने राज्यको पहिलो महिला फिजिक स्पोर्ट्स एथलीट बनेका छन्। दक्षिण एशियाई बॉडीबिल्डिंग अनि फिजिक स्पोर्ट्स फेडरेशनको पांच दिवसीय चैंपियनशिप आज संपन्न हुनेछ।

**हक्की**

भारतीय जुनियर महिला हक्की टोलीले बेल्जियमको कोन्टीचमा भएको आफ्नो चौथो र अन्तिम खेलमा अष्ट्रेलियामाथि २-१ को उत्साहजनक जित हासिल गर्दै युरोप भ्रमणमा आफ्नो अपराजित यात्रा जारी राखेको छ। यो जित त्यस दिन आएको हो जब वरिष्ठ टोलीहरू - पुरुष र महिला - अष्ट्रेलियाली पुरुष र महिला टोलीहरूसँग लगभग २-३ को हार csgksZuq ijsdks fFk;ks , जुन भारतीय हक्कीको लागि थोरै प्रोत्साहन थियो किनभने पुरुष र महिला दुवै टोलीहरू हाल बलियो प्रतिद्वन्द्वीहरू विरुद्ध मैदान उत्रन संघर्ष गरिरहेका छन्।, सुरुवाती तीन खेलमा बेल्जियममाथि क्लिन स्वीप गरेपछि यो जितले भारतको भ्रमणमा लगातार चौथो जित Hk,dks NA। भारतीय जुनियर महिला टोलीले अब मंगलबार नेदरल्याण्ड्स विरुद्ध युरोपमा आफ्नो अन्तिम खेलको तयारी गर्दै उच्च स्तरमा भ्रमण समाप्त गर्ने लक्ष्य राखेको छ।।